# <u>विपद् सामूहिक उद्धार एम्बुलेन्स लगायत खोज तथा उद्धार उपकरण हस्तान्तरण</u>

**काठमाडौं**, साउन७

माननीय गृहमन्त्री बालकृष्ण खाणले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले व्यवस्थापन गरेका विपदमा प्रयोग हुने एम्बुलेन्स तथा उपकरण सशस्त्र प्रहरी बल, नेपाललाई हस्तान्तरण गर्नुभएको छ ।

हस्तान्तरण भएका सामग्रीमा आठवटा **विपद् सा मूहिक उद्धार एम्बुलेन्स**(Mass Casualty Evacuation Ambulance) छन् । यी एम्बुलेन्समा भेन्टिलेटर, अल्ट्रासाउण्ड मेसिनलगायत 'ए क्लास' को एम्बुलेन्समा हुने सबै खालका उपकरण(Critical care facilities) जडान गरिएका छन् । यसमा ६ वटा बेड छन् भने केहीलाई कुर्सीमा राखेर उपचार गर्न सकिन्छ ।




यी नेपालमै पहिलो विपद् सामुहिक उद्धार एम्बुलेन्सहरु हुन् । यी एम्बुलेन्समा सिसिटिभी क्यामेरा जडान गरिएकाले टाढा रहेका विशेषज्ञ डाक्टरहरुले समेत उपचारमा गाइड गर्न सक्छन् ।

मोबाइल अस्पतालका रुपमा समेत प्रयोग गर्न सकिने यी साधनहरु सातवटा प्रदेशमा १-१ वटाका दरले वितरण गरिनेछ भने एउटा काठमाडौं उपत्यकामा रहनेछ ।

त्यस्तै, गृहमन्त्री खाणले थप आठ वटा 'ए क्लास एम्बुलेन्स' हरु पनि सशस्त्र प्रहरी बललाई हस्तान्तरण गर्नुभयो । यी एम्बुलेन्स सशस्त्र प्रहरी बल, नेपालद्वारा संचालित नेपाल एपिएफ अस्पतालसँगको समन्वयमा संचालन हुनेछन् । सातवटा प्रदेशमा १-१ वटाका दरले वितरण गरिनेछ भने एउटा काठमाडौं उपत्यकामा रहनेछ ।




त्यसैगरी, भूकम्प, पहिरो, आगलागी, वन डढेलो तथा बाढीजस्ता विपद्का घटनापछि खोज तथा उद्धारका लागि आवश्यक पर्ने ६२ प्रकारका खोंज तथा उद्धार ( Search and Rescue) उपकरणहरु पनि हस्तान्तरण गरिएका छन् ।

सोही अवसरमा राष्ट्रिय अपाङ्ग कोषसँगको सहकार्यमा खरिद गरिएको अपांगता सहायता सामग्रीहरू राष्ट्रिय अपाङ्ग कोषलाई हस्तान्तरण गरिएको छ । ती सहायता सामग्रीमा ह्वीलचेयर, कृत्रिम हातखुट्टा(Prosthetic) लगायतका १५१ प्रकारका सामग्री छन् ।

हस्तान्तरण गर्न आयोजित कार्यक्रममा मन्तव्य राख्दै गृहमन्त्री बालकृष्ण खाणले सबै सामग्री सम्बन्धित ठाउँमा पुर्याउन र जनधनको क्षति कम गर्न खोज तथा उद्धारमा सदुपयोग गर्न निर्देशन दिनुभयो ।

गृहसचिव टेकनारायण पाण्डेले मानिसको जीवन जोगाउन एम्बुलेन्स तथा उपकरणहरु महत्वपूर्ण हुने धारणा राखुभयो ।

प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरलेले एम्बुलेन्स तथा उपकरणहरुको व्यवस्थाले नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा महत्वपूर्ण उपलब्धि भएको उल्लेख गर्दै यसबाट खोज तथा उद्धारमा ठूलो प्रभाव पर्ने बताउनुभयो ।

सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्यालले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट बेला बेला प्राप्त उपकरणहरुले बलको खोज तथा उद्धार क्षमता अभिबृद्धि भएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाल प्रहरीका महानिरीक्षक धिरजप्रतापसिंह, उद्योग बाणिज्य महासंघका उपाध्यक्ष चन्द्र ढकाल, राष्ट्रिय अपांग कोषका अध्यक्ष डेकराज भट्टराई लगायतको उपस्थिति थियो ।

यी सबै साधन तथा उपकरण नेपाल सरकारको बजेट स्रोतबाट व्यवस्थापन भएको हो । जसमध्ये, विपद् सामूहिक उद्धार एम्बुलेन्स र अपांगता सहायता सामग्री विश्व बैंकद्वारा व्यवस्थापन गरिएको Multi Donor Trust Fund(MDTF) को सहयोगबाट खरिद गरिएको हो। MDTF मा अमेरिकी सहयोग नियोग (युएसएड) , बेलायती सहयोग नियोग (एफसिडिओ), क्यानेडिएन एड र स्विस एजेन्सी फर डेभलप्मेन्ट एण्ड कर्पोरेसनको सहयोग छ ।